आज मिति २०७६।०३।०६ गते सोमबारका दिन विहान ८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुब श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको ३५ औं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य,लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य,लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुवर्णमान तुलाधर, नि. प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामचन्द्र लामिछाने, योजना अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र प्याकुरेल, सूचना अधिकृत, लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री बसन्तराज पोखरेल, ना.सु., लिखु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट

श्री सुमन तामाङ, सलेपा, लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

लिखु गाउँकार्यपालिकाको मिति २०७६।०३।०६ गते सम्पन्न ३५ औं बैठकको प्रस्ताव तथा निर्णयहरु :

**प्रस्तावहरु**

१. चालु आ.व. २०७५/०७६ मा सन्चालित योजनाहरुको फरफारक तथा अन्तिम भुक्तानी कार्यतालिका सम्बन्धमा ।

२. आगामी आ.व. २०७६/०७७ को श्रोत अनुमान तथा बजेट सीमा निर्धारण र मार्गदर्शन सम्बन्मा ।

३. आगामी आ.व. २०७६/०७७ को आन्तरिक आय ठेक्का वन्दोवस्त सम्बन्धमा ।

४. विविध ।

**निर्णयहरु**

१. लिखु गाउँपालिकाबाट चालु आ.व. २०७५/०७६ मा संचालित योजनाहरुको फरफारक तथा अन्तिम भुक्तानीको कार्यतालिका ज्येष्ठ मसान्त सम्मको लागि तोकिएकोमा कतिपय योजनाहरु सम्पन्न हुन बाँकी रहेको हुँदा त्यस्ता योजनाहरुको भुक्तानीको लागि आवश्यक कागजातहरु यही २०७६ आषाढ २५ गते सम्ममा अनिवार्य पेश गरी भुक्तानी लगिसक्नुपर्ने निर्णय गरियो ।

२. लिखु गाउँपालिकामा आगामी आर्थिक वर्ष २०७६/०७७ मा नेपाल सरकार, प्रदेश सरकार, आन्तरिक आय समेत देहायका शीर्षकहरुबाट देहाय बमोजिम श्रोत जम्मा हुने गरी श्रोत अनुमान गर्ने निर्णय गरियो ।

## आ.व. २०७६/०७७ को श्रोत अनुमान

बजेट रु हजारमा

| क्र=सं= | आय शीर्षक | श्रोत | | | | | कैपि |
|---|---|---|---|---|---|---|---|
| | | वित्तिय समानीकरण अनुदान | शसर्त अनुदान | राजस्व बाँडफाँड | आन्तरिक श्रोत | जम्मा | |
| क) | नेपाल सरकार | ७७,९०० | ११०,५०० | ५१,६०० | | २४०,००० | |
| ख) | प्रदेश सरकार | ९,९३२ | २९९९ | ९,७४४ | | २२६७५ | |
| | **जम्मा** | ८७,८३२ | ११३४९९ | ६१,३४४ | | २६२६७५ | |
| ग) | आन्तरिक आय तर्फ | | | | | | |
| | प्राकृतिक श्रोत | | | | १६,७७६ | १६,७७६ | |
| | अन्य | | | | ६,८०० | ६,८०० | |
| | जम्मा | ( | ( | ( | २३,५७६ | २३,५७६ | |
| | **जम्मा** | ८७,८३२ | ११३४९९ | ६१,३४४ | २३,५७६ | २८६२५१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ) | गत वर्षको मौज्दात ( आ.व. २०७५/०७६ मा खर्च नभइ बाँकी रहने) | | | | १५,००० | १५,००० | |
| | **कुल जम्मा** | ८७,८३२ | ११०,५०० | ६१,३४४ | ३८,५७६ | ३०१२५१ | |
| | शसर्त | | ११३४९९ | | | ११३४९९ | |
| | चालु तर्फ | | | ४०,५५० | ९,००० | ४९,५५० | |
| | पुंजीगत तर्फ | ८७,८३२ | ( | २०,७९४ | २९,५७६ | १३८,२०२ | |

निर्णय नं. ३

उल्लेखित श्रोत अनुमानको कुल अंक रु ३०१२५१००० तीस करोड बार लाख एकाउन्न हजार मध्ये सशर्त अनुदान र चालु खर्चको रकम कटाई बांकी हुन आउने बजेट मध्येबाट देहाय बमोजिम बजेट सीमा निर्धारण गरी वडा समिति र विषयगत शाखा/इकाईहरुलाई पठाउने ।

| क्र.सं. | विवरण | आ.व. २०७५/०७६ को बजेट सीमा | आ.व. २०७६/०७७ को बजेट सीमा (रु हजारमा) | श्रोत |
|---|---|---|---|---|
| १ | वडा समिति तर्फ (प्रति वडा १ करोड दरले) | ४२००० | ६०००० | नेपाल सरकार/वित्तिय समानीकरण अनुदान |
| २ | विषयगत क्षेत्र तर्फ | | | |
| क) | कृषि विकास | १३१७ | ५००० | नेपाल सरकार/वित्तिय समानीकरण अनुदान |
| ख) | पशु सेवा | ३२९२ | ३५०० | प्रदेश सरकार/वित्तिय समानीकरण अनुदान |
| ग) | शिक्षा | ३०२० | ६००० | नेपाल सरकार/वित्तिय समानीकरण अनुदान |
| घ) | स्वास्थ्य | ४३५० | ५००० | नेपाल सरकार/वित्तिय |

| | | | | |
|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान |
| ङ) | आयुर्वेद | १२२० | १४०० | नेपाल सरकार/वित्तिय समानीकरण अनुदान |
| च) | महिला तथा वालवालिका/लैङ्गिगत समानता तथा सामाजिक समावेशीकरण ( महिला, वालवालिका, अपांग, दलित, जनजाति, विपन्न वर्ग लक्षित कार्यक्रम) प्रत्येक वडासंग समन्वय गरी कार्यक्रम गर्ने | १४०० | ५००० | प्रदेश सरकार/वित्तिय समानीकरण अनुदान |
| | कूल | | ८५९०० | |

<u>मार्गदर्शन</u>

क) वडा समितिलाई तोकिएको शिलिङको परिधिभित्र रही टोल वस्तीस्तरबाट प्राप्त आयोजनाहरु मध्ये वडा समितिबाट निर्णय गरी प्राथमिकता प्राप्त आयोजनाहरुमा बजेट विनियोजन गरी विषयगत रुपमा पठाउने ।

ख) विषयगत शाखा/इकाईलाई तोकिएको बजेट शिलिङबाट सशर्त अनुदानको कार्यक्रममा दोहोरोपना नहुने गरी सम्बन्धित सरोकारवालहरु संग समन्वय गरी प्राथमिकता बमोजिम कार्यक्रम/आयोजना छनौट गरी पठाउने ।

ग) वडास्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमहरुमा वडा स्तरीय सिलिङबाट बजेट विनियोजन गर्दा पूर्वाधार निर्माण तर्फका योजनाहरुमा प्राथमिकतासाथ बजेट विनियोजन गर्ने । वडा स्तरबाट माग भै आएका अन्य लक्षित वर्ग, सामाजिक समावेशीकरण र अन्य शसक्तिकरणका कार्यक्रमहरुमा सम्बन्धित विषयगत शाखा/इकाईको समन्वयमा पालिकास्तरबाट बजेट विनियोजन गर्ने ।

घ) वडामा प्राप्त सिलिङ मध्ये कम्तीमा ३० (तीस) लाख रकमको कम्तीमा एउटा वडास्तरीय महत्वको आयोजनामा बजेट विनियोजन गर्ने ।

ङ) वडा स्तरीय योजनाको कुल संख्या बढीमा २५ वटा रहने । पूर्वाधार तर्फका कुनै पनि योजनामा रु २ लाख भन्दा कम रकम विनियोजन नगर्ने ।

च) दुइ वा सो भन्दा बढी वडालाई समेट्ने र गाउँपालिकाका गौरवका आयोजनाहरुमा गाउँपालिकाबाट बजेट विनियोजन गर्ने ।

छ) चालु आ.व. मा वडास्तरीय योजनाको लागि विनियोजित रकम मध्ये खर्च नभई बांकी हुन आउने रकमको संबन्धित वडाबाट योजना बाँडफाँड गरी वडा समितिले पेश गर्ने ।

ज) उल्लेखित बजेट सीमा भित्र रही वडा समिति र विषयगत शाखा/इकाइबाट मिति २०७६/०३/०८ गते दिनको १२ बजेसम्म पेश गरिसक्नुपर्ने ।

४. लिखु गाउँपालिकाको आ.व. २०७६/०७७ को लागि ढुंगा, गिटी, वालुवा लगायतका नदीजन्य पदार्थहरुको संकलन तथा विक्री शुल्क र गाउँपालिकाबाट निकासी हुने कवाडी सामानहरुको निकाशी शुल्क वापतको देहाय बमोजिमको राजस्व प्राप्त हुने भन्ने राजस्व परामर्श समितिबाट सिफारिस भए बमोजिम देहाय बमोजिम ठेक्का बन्दोवस्त (इविडिङ मार्फत) गरी राजस्व संकलन गर्ने निर्णय गरियो ।

क) यस गाउँपालिका अन्तर्गतको लिखु र तादी खोलाको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम उत्खनन् हुन सक्ने अधिकतम परिमाण ११०५०० घ.मी. मध्ये पुल, पुलेसा, सिंचाइ नहर लगायतका संरचनाहरुलाई असर हुने स्थानहरुको परिमाण कटाई आगामी आ.व. २०७६/०७७ को लागि ८८१०८ घ.मी. (३११११११ घ.फि.) मात्रको लागि प्रति घ.फि. रु ९।०० का दरले हुन आउने रु २८००००००।०० दुइ करोड असी लाख (मु.अ.कर बाहेक)

ख) गाउँपालिकाबाट निकासी हुने कवाडी सामानहरुको निकासी कर बापत रु १०००००।०० एक लाख (मु.अ. कर बाहेक)

ग) आन्तरिक आय अन्तर्गत नदीजन्य पदार्थबाट संकलित रकम मध्येबाट प्रभावित सिंचाई नहरको बाँध निर्माणको लागि २० प्र.श. रकम विनियोजन गर्ने ।

घ) कुल कबोल अंक मध्ये संझौता अगावै रकम एकमुष्ठ बुझाएमा १० प्र.श. रकम छुट दिने ।

५. लिखु गाउँसभामा बजेट प्रस्तुती गरे वापत उपाध्यक्ष श्री रोजिना राईलाई प्रति वर्ष रु २५००० (पच्चीस हजार) का दरले चालु आ.व. २०७५/०७६ को पेश गरे देखि नै उपलब्ध गराउने निर्णय गरियो ।